निर्वाचन आयोग, नेपाल
# जिल्ला निर्वाचन कार्यालय, म्याग्दी

प.सं: ०८०।०८१
च.नं: १००

मिति: २०८०।११।२२

**विषयः मतदाता नामावली अद्यावधिक सम्बन्धी कार्यहरु सम्बन्धमा।**

श्री वडा सचिव ज्यू/ स्थानीय पञ्जिकाधिकारी ज्यू,
मालिका गाउँपालिका अन्तर्गतका सबै वडाहरु,
म्याग्दी

प्रस्तुत विषयमा मतदाता नामावलीलाई शुद्ध, अद्यावधिक र विश्वसनीय बनाई आगामी निर्वाचनहरुका लागि अन्तिम मतदाता नामावली प्रकाशन गर्न मिति २०८०।११।२८ देखि शुरु भै सञ्चालन हुने गरी विभिन्न क्रियाकलापहरु सहितको मतदाता नामावली अद्यावधिक तथा अन्तिम नामावली प्रकाशन कार्यक्रम, २०८० सम्मानित निर्वाचन आयोगको मिति २०८०।११।१६ को बैठकबाट स्वीकृत भएको छ। उक्त कार्यक्रमको बुँदा नं ८ मा स्थानीय तहबाट समन्वय तथा सहयोग हुनुपर्ने कुराहरुमा **वडा सचिव नाम दर्ता अधिकारीको रुपमा रहने** समेतका व्यवस्थाहरु गरिएको साथै मतदाता नामावली सम्बन्धी ऐन, २०७३ को दफा २५ (क) मा मतदाता नामावली अद्यावधिक कार्यको लागि बसाइसराई दर्ता, विवाह दर्ता तथा मृत्युदर्ताको विवरण स्थानीय पञ्जिकाधिकारीले आयोगलाई उपलब्ध गराउनुपर्ने व्यवस्था रहेको छ। मतदाता नामावली अद्यावधिक तथा अन्तिम नामावली प्रकाशनमा आवश्यक सहयोग समन्वय सम्बन्धमा निर्वाचन आयोगबाट मिति २०८०।११।१६ मा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई भएको पत्राचार र मन्त्रालयबाट स्थानीय तहलाई भएको परिपत्र अनुसार ताहाँ कार्यालयमा पनि पत्र प्राप्त भएकै होला। अतः मतदाता नामावली अद्यावधिक तथा अन्तिम नामावली प्रकाशन कार्यक्रम, २०८० लाई व्यवस्थित र प्रभावकारी रुपमा तपाई वडा सचिवले नाम दर्ता अधिकारी तथा स्थानीय पञ्जिकाधिकारीको रुपमा देहाय बमोजिमका कार्य गरी सहयोग समन्वय गर्नुहुन अनुरोध गरिन्छ।

देहायः

१. यसै साथ संलग्न मतदाता नामावली अद्यावधिक तथा अन्तिम नामावली प्रकाशन कार्यक्रम, २०८० सम्बन्धी सूचना तहाँ वडा कार्यालयको सूचना पाटीमा यथाशीघ्र टाँस गरी सो को जानकारी यस कार्यालयमा पठाइदिनुहुन।

२. मतदाता नामावलीमा रहेको त्रुटि सच्याउन प्रमाण सहित अनुसुची-२ बमोजिमको ढाँचामा मतदाता वा निजको परिवारको सदस्यले निवेदन दिन सक्ने, कसैले झुठा विवरण दिई नमावलीमा नाम समावेश गरेको भए दाबी विरोध गर्न प्रमाण सहित जुनसुकै व्यक्तिले अनुसुची-३ बमोजिमको

विमल प्रसाद गौतम
जिल्ला निर्वाचन अधिकारी

फोन नं. ०६९-५२०५२६
इमेलः- deo.myagdi@election.gov.np

ढाँचामा निवेदन दिन सक्ने, दोहोरो नाम हटाउने सम्बन्धमा सम्बन्धित मतदाताले प्रमाणसहित अनुसुची-४ बमोजिमको ढाँचामा निवेदन दिन सक्ने, कुनै मतदाताको बसाँसराँइ भै अर्को ठाँउको मतदाता नामावली नाम रहेको, मृत्यु भएको वा नागरिकता त्याग गरेको भए नामावलीबाट नाम हटाउन एकाघरका परिवारका सदस्य वा अन्य कुनै व्यक्तिले अनुसुची-५ बमोजिमको ढाँचामा निवेदन दिन सक्ने व्यहोरा सुचित गरिदिनुहुन। निवेदनको ढाँचा माग गरेमा उपलब्ध गराइदिनुहुन। प्रमाण सहितको निवेदन आयोगको अनलाइन प्रणाली https://applyvr.election.gov.np/ मार्फत पनि दिन सकिने जानकारी गराइदिनुहुन।

३. बुँदा नं २ बमोजिमका अनुसुचीको ढाँचामा प्रमाणसहित पेश गरेका निवेदनहरु २०८०।१२।०५ सम्म संकलन तथा तहाँ कार्यालयमा दर्ता गरी २०८०।१२।०५ भित्र जिल्ला निर्वाचन कार्यालय म्याग्दीको इमेल ठेगाना **deo.myagdi@election.gov.np** मा सफ्टकपी पठाइदिनुहुन र हार्डकपी समेत पठाइदिनुहुन।

४. २०७९ माघ २९ गते भन्दा पछाडि ताहाँ कार्यालयमा दर्ता हुन आएका मृत्युदर्ताहरुको विवरण **(२०८०।११।२८ मा निर्वाचन आयोगको बेवसाइटमा प्रकाशित हुने तहाँ वडाको नामावलीमा मृत्यु भएका व्यक्तिको पनि नामावली भए र निजको मृत्युदर्ता भै सकेको भए निजहरुको समेत )** देहायको ढाँचामा तयार तथा प्रमाणित गरी २०८०।१२।०५ गतेभित्र यस कार्यालयमा पठाइदिनुहुन।

| सि.नं | मृत्यु दर्ता नं | दर्ता मिति | नाम थर | मृत्यु भएको मिति | लिङ्ग | नागरिकता नं र जारी मिति | मृत्यु भएको ठाँउ | स्थायी ठेगाना | बाजेको नाम थर | बाबुको नाम थर | पति/ पत्नीको नाम थर | मतदाता परिचयपत्र नं | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | |

५. कार्यक्रको दौरानमा प्रमुख नाम दर्ता अधिकारीको कार्यालयबाट प्रकाशित हुने मतदाता नामावलीबाट नाम हटाउनु नपर्ने सफाइ पेश गर्ने सम्बन्धी सूचना, नामावलीबाट नाम हटाइएको सम्बन्धी सूचना वडा कार्यालयमा टाँस गरी सो को जानकारी दिनुहुन।

२०८०।११।२२

बोधार्थः

मालिका गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, दरबाङ्ग, म्याग्दी: निर्वाचन आयोगको मिति २०८०।११।१६ को पत्रानुसार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ताहाँ कार्यालयमा प्राप्त परिपत्र अनुसार वडा सचिव/ स्थानीय पञ्जिकाधिकारीलाई आवश्यक पत्राचार/ निर्देशन गरी सहयोग गरिदिनुहुन।

अनुसूची-१

## निर्वाचन आयोग

**मतदाता नामावली अद्यावधिक तथा अन्तिम नामावली प्रकाशन कार्यक्रम, २०८०**

प्रमुख नाम दर्ता अधिकारीको कार्यालय, म्याग्दी

**मतदाता नामावली अद्यावधिक तथा अन्तिम नामावली प्रकाशन कार्यक्रम, २०८० सम्बन्धी सूचना**

मतदाता नामावली अद्यावधिक तथा अन्तिम नामावली प्रकाशन कार्यक्रम, २०८० देहायका क्रियाकलाप सहित सञ्चालन हुने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। सबै मतदाताले आफ्नो विवरण हेरी कुनै विवरण अद्यावधिक गर्नुपर्ने भएमा निम्नानुसारको मिति र स्थानमा सूचना तथा निवेदन पेश गर्न आयोग अनुरोध गर्दछ।

| क्र. सं. | क्रियाकलाप | देखि | सम्म | कार्य सम्पादन हुने स्थान/सम्पर्क गर्ने स्थान |
|---|---|---|---|---|
| १ | आयोगको वेवसाइटमा मतदाता नामावली प्रकाशन गर्ने | २०८०/११/२८ | | https://www.election.gov.np |
| २ | मतदाता नामावलीमा रहेको त्रुटि सच्याउन निवेदन दिने | २०८०/११/२९ | २०८०/१२/०५ | अनलाइन (https://applyvr.election.gov.np) वा निर्वाचन कार्यालय वा वडा कार्यालय |
| ३ | कसैले झुट्टा विवरण दिई नामावलीमा नाम समावेश गरेको भए सोको विरोधमा उजुरी दिने | | | |
| ४ | कुनै मतदाताको नाम एकभन्दा बढी स्थानमा समावेश भएकोमा एक स्थानमा मात्र कायम गर्न निवेदन दिने | | | |
| ५ | मतदाता नामावलीमा मृत्यु भएका वा नागरिकता त्याग गरेका मतदाताको नाम मतदाता नामावलीबाट हटाउनको लागि सूचना दिने | | | |
| ६ | वडा कार्यालयमा दर्ता भएका निवेदन प्राप्त गर्ने, बसाइँ सरी अन्यत्र गएका वा मृत्यु भएका मतदाताको विवरण स्थानीय पञ्जिकाधिकारीबाट र नागरिकता त्याग गरेका मतदाताको विवरण जिल्ला प्रशासन कार्यालयबाट प्राप्त गर्ने र सूचना/निवेदन प्राप्त नभए तापनि कुनै मतदाता बसाइँ सरी गएको, मृत्यु भएको, नागरिकता त्याग वा रद्द भएको प्रमाणित विवरण प्राप्त गर्ने | २०८०/११/२९ | २०८०/१२/०५ | निर्वाचन कार्यालय र वडा कार्यालय |
| ७ | उजुरी परेको मतदातालाई प्रमाणसहित सफाइको मौका दिने | २०८०/१२/०६ | २०८०/१२/०८ | निर्वाचन कार्यालय |
| ८ | मतदाता नामावलीबाट हटाउने सम्बन्धमा आवश्यक छानबीन गरी प्रमुख नाम दर्ता अधिकारीले त्रुटि सच्याउने, नाम हटाउने लगायत कानून बमोजिम निर्णय गर्ने | २०८०/१२/०९ | २०८०/१२/१२ | निर्वाचन कार्यालय |
| ९ | नाम हटाइएको सूचना निर्वाचन कार्यालय र सम्बन्धित वडा कार्यालयमा प्रकाशन गर्ने र फरक फरक जिल्लामा दोहोरो नाम परेको सम्बन्धमा निवेदन प्राप्त भए सोको छुट्टै विवरण तयार गरी जिल्लामा अद्यावधिक भएको डाटासंगै आयोगमा पठाउने | २०८०/१२/१२ | २०८०/१२/१५ | निर्वाचन कार्यालय र वडा कार्यालय |
| १० | अन्तिम मतदाता नामावली प्रकाशन गर्ने | | २०८०/१२/२२ | निर्वाचन आयोग |

२०८०/११/२८

बिमल प्रसाद गौतम

निर्वाचन अधिकारी

अनुसूची-३

निर्वाचन आयोग

मतदाता नामावली अद्यावधिक तथा अन्तिम नामावली प्रकाशन कार्यक्रम, २०८०

## झुट्टा विवरण दिई मतदाता नामावलीमा समावेश भएको नामको सम्बन्धमा दिने उजुरीको ढाँचा

श्री प्रमुख नाम दर्ता अधिकारी,

जिल्ला ............................

विषयः- झुट्टा विवरण दिई मतदाता नामावलीमा समावेश भएको नाम मतदाता नामावलीबाट हटाउने सम्बन्धमा ।

मिति ............... मा प्रकाशित मतदाता नामावलीमा रहेका श्री .................................ले झुट्टा विवरण दिई मतदाता नामावलीमा नाम समावेश गरेको हुँदा मतदाता नामावली ऐन, २०७३ को दफा १५ बमोजिम निजको नाम मतदाता नामवलीबाट हटाउनको लागि यो उजुरी दिएको छु। मैले प्रस्तुत गरेको प्रमाण र आधार मैले जाने बुझे सम्म साँचो छ र जानाजानी झुट्टो विवरण पेश गरेको ठहरे कानून बमोजिम भएमा मेरो मञ्जुरी छ।

तपसिल:

| नाम | नामावलीमा रहेको ठेगाना | मतदाता नं. | ना.प्र.प.नं./जिल्ला | उमेर | लिङ्ग | बाबुको नाम | आमाको नाम |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| नामावलीबाट नाम हटाउनु पर्ने कारण : | | | | | | | |
| पेश गरेको प्रमाण : | | | | | | | |

उजुरी दिनेको नाम थरः .............................. दस्तखत............... ठेगाना..........................................मिति.................

---

### प्रमुख नाम दर्ता अधिकारीले गरेको निर्णय

प्रमुख नाम दर्ता अधिकारीको नाम,थर.........................................दर्जा ........................ दस्तखत .............. मिति ..............

निर्वाचन आयोग

मतदाता नामावली अद्यावधिक तथा अन्तिम नामावली प्रकाशन कार्यक्रम, २०८०

## मतदाता नामावलीमा रहेको दोहोरो नाम हटाउन दिने निवेदनको ढाँचा

श्री प्रमुख नाम दर्ता अधिकारी,

जिल्ला ............... निवेदकको गाउँपालिका/नगरपालिका............... वडा नं. ...............

विषयः- मतदाता नामावलीमा रहेको दोहोरो नाम हटाई एक स्थानमा मात्र नाम कायम गरि पाउँ ।

मिति ............... मा प्रकाशित मतदाता नामावलीमा रहेको मेरो/श्री ......................................को नाम विवरण एक भन्दा बढी स्थानमा समावेश भएको हुँदा तपसिल बमोजिम एक स्थानमा मात्र कायम राखी अर्को स्थानको मतदाता नामावलीबाट नाम हटाइदिनुहुन मतदाता नामावली ऐन, २०७३ को दफा १६ बमोजिम यो निवेदन पेश गरेको छु। मैले प्रस्तुत गरेको प्रमाण र आधार मैले जाने बुझे सम्म साँचो छ र जानाजानी झुटो विवरण पेश गरेको ठहरे कानून बमोजिम भएमा मेरो मञ्जुरी छ ।

तपसिलः

| | मतदाता नं. | नाम थर | मतदाता नामावलीमा कायम ठेगाना | ना.प्र.प.नं./ जिल्ला | उमेर/जन्ममिति | लिङ्ग | बाबुको नाम | आमाको नाम |
|---|---|---|---|---|---|---|---|---|
| दोहोरो परेको नाम | १..............<br>२.............. | १........................<br>२........................ | १.........................<br>२......................... | १..............<br>२.............. | १............<br>२............ | १........<br>२........ | १....................२<br>..................... | १...................२<br>.................. |
| कायम राख्नु पर्ने नाम | | | | | | | | |
| पेश गरेको प्रमाण | | | | | | | | |

निवेदन दिनेको नाम थर .............................. दस्तखत......................... ठेगाना...................................... मिति..................

- - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - -

### प्रमुख नाम दर्ता अधिकारीले गरेको निर्णय

प्रमुख नाम दर्ता अधिकारीको नाम,थर.............................................दर्जा ........................ दस्तखत .............. मिति ..............

निर्वाचन आयोग

मतदाता नामावली अद्यावधिक तथा अन्तिम नामावली प्रकाशन कार्यक्रम, २०८०

## मतदाता नामावलीबाट नाम हटाउन दिने सूचनाको ढाँचा

श्री प्रमुख नाम दर्ता अधिकारी,

जिल्ला ...............

गाउँपालिका/नगरपालिका............... वडा नं. ...............

विषयः- मतदाता नामावलीबाट नाम हटाउने सम्बन्धमा ।

मिति ............... मा प्रकाशित मतदाता नामावलीमा रहेको म/मेरो ...............................(नाता) श्री .................................... विवाह/बसाइँ सराई/मृत्यु भएको हुँदा निजको मतदाता नामावलीमा तपसिल बमोजिमको नाम मतदाता नामावलीबाट हटाउनको लागि मतदाता नामावली ऐन, २०७३ को दफा १८ बमोजिम यो सूचना दिएको छु। मैले प्रस्तुत गरेको प्रमाण र आधार मैले जाने बुझे सम्म साँचो छ र जानाजानी झुटो विवरण पेश गरेको ठहरे कानून बमोजिम भएमा मेरो मञ्जुरी छ।

तपसिलः

| नाम | नामावलीमा रहेको ठेगाना | मतदाता नं. | ना.प्र.प.नं./जिल्ला | उमेर/जन्म मिति | लिङ्ग | बाबुको नाम | आमाको नाम |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| नाम समावेश हुनु नपर्ने/हटाउनु पर्ने कारण : | | | | | | | |
| पेश गरेको प्रमाण : | | | | | | | |

सूचना/निवेदन दिनेको नाम थरः .............................. दस्तखत.................... ठेगाना.................................................. मिति..................

---

प्रमुख नाम दर्ता अधिकारीले गरेको निर्णय

प्रमुख नाम दर्ता अधिकारीको नाम,थर.............................................दर्जा ........................ दस्तखत ............... मिति ..............

निर्वाचन आयोग
नेपाल

२०८०/०८१/ (मतदाता नामावली तथा निर्वाचन सञ्चालन शाखा)

मतदाता नामावली अद्यावधिक तथा अन्तिम नामावली प्रकाशन कार्यक्रम, २०८० मा

स्थानीय तहबाट समन्वय तथा सहयोग हुनुपर्ने कार्यहरू

(कार्यक्रमको बुँदा नं. ८ सँग सम्बन्धित)

क. कार्यक्रममा नागरिकको सहभागिता वृद्धि गर्नका लागि अनुसूची-१ बमोजिमको सूचना प्रचारप्रसारमा सहयोग गर्ने,

ख. कार्यक्रम कार्यान्वयनका लागि अनुसूची-१ बमोजिम हुने क्रियाकलापमा आवश्यक सहयोग उपलब्ध गराउने,

ग. मातहतका वडा सचिवहरूलाई देहायको कार्य सम्पादन गर्न निर्देशन तथा सहजीकरण गर्ने,

- अनुसूची-१ बमोजिमको कार्यक्रम सञ्चालन गर्दा प्रमुख नाम दर्ता अधिकारीको प्रत्यक्ष निर्देशनमा नाम दर्ता अधिकारीको भूमिकामा रही कार्य गर्ने,
- अनुसूची-१ बमोजिम हुने कार्यक्रम सञ्चालन गर्न सूचना सम्प्रेषण गर्ने तथा कार्यक्रम अवधिमा नागरिकहरूले पेश गरेका अनुसूची फाराम, निवेदन, सूचना, उजुरी दर्ता गर्ने,
- दर्ता हुन आएका अनुसूची फाराम, निवेदन, सूचना, उजुरी तोकिएको अवधिभित्र प्रमुख नाम दर्ता अधिकारीको कार्यालयमा पठाउने,
- आफ्नो वडामा दर्ता हुन आएका मृत्यु, बसाइँ सराई सम्बन्धी विवरण प्रमाणित गरी तोकिएको अवधिभित्र प्रमुख नाम दर्ता अधिकारीको कार्यालयमा पठाउने,
- प्रमुख नाम दर्ता अधिकारीको कार्यालयबाट प्राप्त सूचना तथा अनुसूची विवरणहरू आफ्नो कार्यालयको सूचना पाटिमा टाँस गर्ने व्यवस्था मिलाउने,
- मतदाता नामावली अद्यावधिक तथा अन्तिम नामावली प्रकाशन कार्यक्रम, २०८० मा तोकिएका अन्य कार्यहरू गर्ने।

निर्वाचन आयोग

मतदाता नामावली अद्यावधिक तथा अन्तिम नामावली प्रकाशन कार्यक्रम, २०८०

## मतदाता नामावलीमा रहेको त्रुटि सच्याउन निवेदन दिने फारामको ढाँचा

श्री प्रमुख नाम दर्ता अधिकारी,

जिल्ला ............................

विषयः- मतदाता नामावलीमा रहेको त्रुटि सच्याउन निवेदन पेश गरेको सम्बन्धमा ।

मिति ............... मा प्रकाशित मतदाता नामावलीमा रहेको मेरो/श्री ...................................को नामावलीमा रहेको त्रुटि सच्याउन मतदाता नामावली ऐन, २०७३ को दफा १४ बमोजिम यो दरखास्त पेश गरेको छु। मैले प्रस्तुत गरेको प्रमाण र आधार मैले जाने बुझे सम्म साँचो छ र जानीजानी झुठो विवरण पेश गरेको ठहरे कानून बमोजिम भएमा मेरो मञ्जुरी छ।

तपसिलः

| हाल त्रुटि भएको विवरण | मतदाता नं. | नाम थर | ना.प्र.प.नं./जिल्ला | उमेर/जन्म मिति | लिङ्ग | बाबुको नाम | आमाको नाम | गाउँपालिका/नगर पालिका र वडा नं. | मतदान स्थल | अन्य विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| त्रुटि सच्याउनु पर्ने विवरण | | | | | | | | | | |
| पेश गरेको प्रमाण | | | | | | | | | | |

निवेदन दिनेको नाम थर .............................. दस्तखत .................... ठेगाना...................................... मिति.........................

प्रमुख नाम दर्ता अधिकारीले गरेको निर्णय

प्रमुख नाम दर्ता अधिकारीको नाम,थर...............................................दर्जा ........................ दस्तखत ............... मिति ..............